BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Reviewed Research Journal*
ISSN: 2594-3421

# 'सहिद' कथाको पर्यावरणीय अध्ययन

**राजेन्द्र गिरी***
rajendragiri191@gmail.com

**अध्ययनको सारांशीकरण**

*प्रस्तुत लेख गुरूप्रसाद मैनालीको 'सहिद' कथाको पर्यावरणीय अध्ययनसँग सम्बन्धित छ। यो फ्रान्सेली हिप्पोली अडोल्फ टेनको साहित्यिक समाजशास्त्रीय विश्लेषणको आधारमध्ये एक हो। यिनको* ***हिस्ट्री अफ इङ्ग्लिस लिट्रेचर*** *नामक ग्रन्थबाट साहित्यको समाजशास्त्रीय अध्ययन परम्पराको प्रारम्भ भएको हो। यिनले साहित्यलाई समाजका बारेमा थाहा पाउने मूल स्रोत मानेका छन्। उनले समाजशास्त्रीय अध्ययन पद्दतिअन्तर्गत प्रजाति (जाति), क्षण (युग) र पर्यावरण (परिवेश) सम्बन्धी सिद्धान्त प्रस्तुत गरेका छन्। यस कथामा २००७ सालको प्रजातन्त्र प्राप्तिपूर्वको परिवेशलाई लिइएको छ। यसका लेखकले कथावस्तुको समयावधि नतोके पनि २००७ साल अघि वा पछिको छोटो समयको यथार्थलाई देखाइएको छ। यस कथाको प्रमुख पात्र वीरबहादुरले भोगेका सङ्घर्षमय जीवनको यथार्थ चित्रण गरिएको छ।*

***कथामा प्रजातन्त्र प्राप्तिका लागि २००७ सालपूर्व नेपालीहरूले गरेको जनक्रान्तिलाई समेटिएको पाइन्छ।*** *यस कथाले समाजमा भएको शोषण, अन्याय, अत्याचार र यातनाबाट पिल्सिएका वीरबहादुर, धनेजस्ता पात्रहरूको कारुणिक चित्रण गरेको छ। यस कथामा यसमा देश र विदेशका विभिन्न ठाउँहरुको वर्णन छ। यसका पात्रहरु शहरिया जीवन र गाउँले जीवनको प्रस्तुत यथार्थ भोगाइमा छन्। उनीहरुले आफ्नो जीवन धान्न सामन्ती वर्गको व्यवहारले घर छोडी विदेसिएको देखिन्छ। त्यसैले यसमा भौगोलिक, शैक्षिक, सामाजिक, आर्थिक र राजनैतिक सन्दर्भहरु पर्यावरणका रूपमा आएको छ। कथाकारले वीरबहादुरका माध्यमबाट सच्चा देशप्रेम, निःस्वार्थ सेवाभाव र श्रमप्रति विश्वास व्यक्त गरेका छन्। व्यक्तिगत स्वार्थभन्दा राष्ट्रिय स्वार्थ उच्च हुनुपर्ने सङ्केत गर्दै सच्चा नेपालीले प्रजातन्त्रको लागि गरेको योगदानलाई हिप्पोली अडोल्फ टेनको सैद्धान्तिक मान्यताका आधारमा यस कथाको समाजशास्त्रीय विश्लेषण गरिएको छ।*

**शब्दसूची** : *सहिद, भौगोलिक पर्यावरण, शैक्षिक पर्यावरण, सामाजिक पर्यावरण, आर्थिक पर्यावरण, राजनैतिक पर्यावरण।*

## १. विषय परिचय

'सहिद' गुरूप्रसाद मैनाली (वि.सं. १९५७–२०२८) द्वारा रचित कथा हो। प्रस्तुत कथा नासो कथासङ्ग्रहमा सङ्कलित छ। **नासो** (१९९२) कथाबाट नेपाली साहित्यमा आधुनिक कालको प्रारम्भ भएको मानिन्छ। उनको **नासो** (२०२०) कथासङ्ग्रहमा जम्मा ११ वटा कथाहरू रहेका छन्। ती कथाहरूमध्ये 'सहिद' एउटा हो। यो कथामा २००७ सालको जनक्रान्तिको चित्रण गरिएको छ।

साहित्यमा कथालाई ज्यादै लोकप्रिय गद्य विधाका रूपमा लिइन्छ। मानिसको चेतना र विकाससँगै कथाको विकास भएको मानिन्छ। कथा गद्यमा लेखिने कला हो। यो आख्यानात्मक विधा हो। यसमा जीवन–जगत्का घटना–परिघटनालाई कार्य र कारणको श्रृङ्खलामा प्रस्तुत गरिएको हुन्छ। कथामा पात्र र परिस्थितिका बीच द्वन्द्व हुन्छ। कथामा पात्रका आचरण, गतिविधि र भोगाइहरू परिवेशका रूपमा प्रस्तुति गरिन्छ।

विश्वसाहित्यमा समाजशास्त्रका जन्मदाता अगस्त कोम्टे (१८२८–१८९३) हुन्। उनले परिवार, नातेदारी, धर्म, विवाह आदिको अन्तःसम्बन्धबाट समाजको निर्माण भएको मान्दछन्। समाजशास्त्रले मानिसको समाजसँगको सम्बन्धको अध्ययन गर्दछ भने साहित्यको समाजशास्त्रले समाजसित साहित्यको सम्बन्धको खोजी गर्दछ। साहित्यमा व्यक्तिका चेतना तत्त्वहरू समाजबाट निर्मित भएका हुन्छन्। त्यसैले साहित्यको समाजशास्त्र कृतिमा व्यक्त भएको चेतना र ऊ

* Mr. Giri is Part Time Faculty in Nepali Departement at Birendra Multiple Campus

बाँचेको धरातलको खोजी गरिन्छ। कुनै पनि कृति शून्यमा रचना हुन सक्दैन, हरेक साहित्यिक कृतिको रचना हुनाका पछाडि समाज महत्त्वपूर्ण आधार वा कारण बनेर उभिएको हुन्छ। समाजबाट लेखक कच्चा पदार्थ लिने र पुनः समाजलाई प्रशोधित गरिदिने काम साहित्यमार्फत् गर्दछ। साहित्यिक कृतिमा कृतिकारले आफू बाँचेको समय र समाजका चालचलन, रीतिरिवाज, धर्म, संस्कृति, मूल्य, मान्यता र आस्थाहरूका साथै परम्पराको अभिव्यक्ति गरिएको  हुन्छ। समाजको सामूहिक व्यवहारहरू जस्तै : शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक आदि अवस्थाहरू साहित्यिक कृतिमा के–कसरी अभिव्यक्त भएका छन् ? भनेर गरिने अध्ययन नै साहित्यको समाजशास्त्रीय अध्ययन हो। साहित्यको समाजशास्त्रीय अध्ययनमा विभिन्न विद्वान्हरूले भिन्न–भिन्न आधारहरू प्रस्तुत गरेका छन्। तीमध्ये फ्रान्सेली चिन्तक हिप्पोली टेनको पर्यावरणसम्बन्धी सिद्धान्तमा टेकेर 'सहिद' कथाको विश्लेषण गरिएको छ।

## २. शोध समस्या

साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा सहिद' कथाको पर्यावरण विश्लेषण गर्नु यस लेखको शोध समस्या हो। यस कथामा के–कस्तो पर्यावरणीय चित्रण गरिएको छ भन्ने विषय नै यसको मूल समस्या हो। उल्लिखित शोध समस्यालाई निम्नलिखित प्रश्नहरूबाट थप प्रष्ट पार्न सकिन्छ :

(क) 'सहिद' कथामा पर्यावरणसम्बन्धी अवधारणा कसरी प्रकट भएको छ ?

(ख) 'सहिद' कथामा पर्यावरणको प्रयोग के–कसरी गरिएको छ ?

## ३. अध्ययनको उद्देश्य

'सहिद' कथाको पर्यावरणीय विश्लेषण गर्ने मुख्य उद्देश्य निम्नानुसार रहेका छन् :

(क) कथा विश्लेषणका लागि हिप्पोली टेनको पर्यावरणसम्बन्धी सैद्धान्तिक आधार पहिल्याउनु,

(ख) 'सहिद' कथामा प्रयोग भएको पर्यावरणको खोजी र विश्लेषण गर्नु।

## ४. अध्ययनको विधि

साहित्यको समाजशास्त्रीय अध्ययनका सिद्धान्तहरूमध्ये हिप्पोली अडोल्फ टेनको पर्यावरणसम्बन्धी सिद्धान्तका आधारमा 'सहिद' कथामा चित्रित पर्यावरणीय पहिचान गरी त्यसकै आधारमा विश्लेषण गरिने भएकाले यो मुख्यतः निगमनात्मक विधिमा केन्द्रित छ। स्थापित सिद्धान्तको आधारमा अध्ययनको आधार तयार पारिएको भए तापनि कथा विश्लेषणका सन्दर्भमा भने आगमनात्मक विधिको प्रयोग गरिएको छ।

## ५. सैद्धान्तिक पर्याधार

कुनै पनि साहित्यिक सिद्धान्तको प्रतिपादन एकैपटक भएको हुँदैन। कुनै पनि विषयले सैद्धान्तिक रूप ग्रहण गर्नुभन्दा पहिले लामो पृष्ठभूमि काल पार गरेको हुन्छ। साहित्यको समाजशास्त्र पनि समाजशास्त्रकै एउटा अभिन्न अंश भएकाले यसको मूल आधार समाजशास्त्र रहेको छ। साहित्यको समाजशास्त्रीय आलोचनाको अध्ययन परम्पराको आरम्भ र विकास पाश्चात्य समालोचकबाट भएको पाइन्छ (क्षेत्री, २०६४ : १६–१७)। साहित्यको समाजशास्त्रको पृष्ठभूमि खोज्दा हामी प्लेटोसम्म पुग्नुपर्ने हुन्छ। उनको अनुकरण विषयक अवधारणामा साहित्यलाई समाजको प्रतिबिम्बका रूपमा देखाउने प्रयास भएको पाइन्छ। समाजले साहित्यको स्वरूप निर्धारण गर्दछ भन्ने कुरा सत्रौँ, अठारौँ शताब्दीतिर मात्र निर्धारित भएको हो। अठारौँ शताब्दीका प्रसिद्ध इटालेली विधिशास्त्री गियाम्ववाटिस्टा बिकोको **द न्यु साइन्स** (सन् १७२५) लाई यस मान्यताको प्रारम्भिक र प्रमाणिक रचना मानिन्छ।

उन्नाइसौँ शताब्दीमा आएर समाज र साहित्यको सम्बन्ध व्यवस्थित र सैद्धान्तिक अध्ययन फ्रान्सका दार्शनिक, इतिहासकार तथा निबन्धकार हिप्पोली एडल्फ टेनबाट प्रारम्भ भएको हो । टेनलाई वैज्ञानिक, समाजपरक र यथार्थवादी समालोचनाको थालनी गर्ने पहिलो व्यक्ति मानिन्छ । समालोचनालाई समाजतर्फ ढल्काउनेहरूमा यिनको नाम अगाडि रहेको छ। टेन व्यक्तिभन्दा बढी जाति, क्षण र पर्यावरणको सन्दर्भबाट साहित्यको मूल्याङ्कन गर्ने समालोचक हुन्। उनले कृति रचिएका युगको पर्यावरणको आधारमा कृतिको मूल्याङ्कन गर्नुपर्ने धारणा प्रस्तुत गरेका छन् । उनको **अङ्ग्रेजी साहित्यको इतिहास** (सन् १९०६) नामक ग्रन्थबाट साहित्यको समाजशास्त्रीय अध्ययन परम्पराको थालनी भएको हो (क्षेत्री, २०६४ : १७) ।

साहित्यको समाजशास्त्रीय अध्ययनमा टेनले जाति र युगजस्तै पर्यावरणलाई पनि बलियो आधारका रूपमा प्रस्तुत गरेका छन्। बाल्जाकले समाजशास्त्रीय रूपमा **ह्युमन कमेडी** भन्ने उपन्यासमा परिवेश शब्दको पहिलोपटक प्रयोग गरेका थिए। त्यसैबाट टेनले यस शब्दलाई अपनाएका हुन्। उनले परिवेशको मुख्य आशय प्रकृति भए पनि सामाजिक रूपमा परिवेशलाई लिएका छन्। उनले भौगोलिक वातावरणले साहित्यमा असर पार्ने बताएका छन्। त्यसैले भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल हुनुका कारण उत्तरका साहित्यमा दुःख, कष्ट, पीडा र भोकमरी पाइन्छ। त्यसैगरी दक्षिणको भौगोलिक संरचना अनुकूल हुनुका कारण त्यहाँको साहित्यमा खुसी, शान्ति तथा हर्षोल्लास पाइन्छ भन्ने टेनको धारणा रहेको छ (पाण्डेय, इ. १९८९ : १२५) । उनका अनुसार साहित्यमा अनुकूलता र प्रतिकूलताको चित्रण परिवेशले निम्त्याएको हुन्छ। त्यसैले मानिसको चारैतिर प्रकृति तथा समाज हुने भएकाले ऊ कहिल्यै पनि एक्लो हुँदैन। उसका आदिम प्रकृति तथा प्रजातिगत विशेषताहरू भौतिक, सामाजिक परिस्थिति तथा घटनाहरूबाट प्रभावित हुन्छन् भन्ने उनको धारणा रहेको छ। टेनका विचारमा पर्यावरणसम्बन्धी सिद्धान्त साहित्यको कार्य, कारण सम्बन्धलाई पूर्ण रूपमा व्याख्या गर्ने सिद्धान्त हो (जैन, इ. १९९२ : २४) । उनले परिवेशअन्तर्गत हावापानी तथा भौगोलिक परिवेशलाई महत्त्व दिँदै साहित्यको सूक्ष्म विश्लेषणका लागि सामाजिक र राजनैतिक परिवेशलाई पनि साहित्यसँग जोड्ने प्रयास गर्दछन् (जैन, इ. १९९२ : २५) । साहित्यकार जुन युगमा बाँचेको हुन्छ, त्यस युगको पनि आफ्नै सामाजिक समस्या, मूल्य, मान्यता एवम् विश्वासहरू हुन्छन्। साहित्यमा यिनै समस्या, मूल्य र मान्यताहरूलाई पर्यावरणका रूपमा टेनले प्रस्तुत गरेका छन्। प्रत्येक साहित्यकारले जन्मदेखि नै आफ्नो वरपरको पर्यावरणबाट प्रभाव ग्रहण गर्दछ। यी प्रभावहरू नै पछि उसका साहित्यिक अभिव्यक्ति क्रियाशील हुन्छन् र साहित्य त्यही प्रभावबाट साधनारत हुने गर्दछ।

कुनै पनि कथामा कथाकारले पात्रलाई परिवेशको केन्द्रीयता राखेर आफूले देखे, सुने र भोगेका सामाजिक घटना, परिघटनाहरूलाई प्रस्तुत गर्दछन्। कुनै पनि कृतिमा विषयवस्तु वा कथाअनुसार प्रकृति निर्धारण गरिएको हुन्छ। यस्तो पर्यावरणले जातिको प्रतिनिधित्व गर्न सक्ने हुनुपर्दछ। कथाका माध्यमबाट लेखकले त्यस समयका चालचलन, रीतिरिवाज, संस्कार, भेषभूषा, भाषा, जीवनपद्धति, विचार तथा भौगोलिकता जस्ता परिवेशगत पहिचानलाई अभिव्यक्त गराएका हुन्छन्। कृतिमा विषय र पात्र सान्दर्भिक पर्यावरण निर्माण गरिएको हुन्छ। यही कृतिमा वर्णित सामाजिक, सांस्कृतिक पक्षको खोजी गर्नु समाजशास्त्रीय अध्ययनमा अपरिहार्य रहन्छ। त्यसैले कथामा समाज, वर्ग, राष्ट्र एवम् अन्तर्राष्ट्रिय गतिविधिहरू पनि पर्यावरणका रूपमा पाइन्छन्। त्यसैले सांस्कृतिक परिवेश निर्माणको प्रत्यक्ष वा परोक्ष प्रभावी आर्थिक अवस्था हो। कृतिमा आर्थिक परिवेशको निर्माण कसरी गरिएको छ र त्यसको वर्गीय संरचना निर्माणमा के–कसरी भूमिका खेलेको छ ? आधार–रचना र अधिरचनाको स्वरूपहरू आर्थिक पक्षसँग कसरी जोडिएका छन् ? भन्ने पक्षको खोजी नै टेनको मान्यतामा आर्थिक पर्यावरण हो भने कृतिरचनामा समय सान्दर्भिक सामाजिक, राजनीतिक अवस्थाको प्रभाव रहन्छ। राष्ट्रको विकसित राजनैतिक चेतनाले वैचारिक पक्षको आधार तय गर्दछ। युगीन परिवेशले जीवन्त विचारको सुसङ्गठित स्वरूप निर्माण गर्दछ। यहाँ सहिदङ्क कथालाई यही पर्यावरणीय पहिचानको आधारमा अध्ययन गरिएको छ।

## ६. आख्यानसन्दर्भ

'सहिद' कथा प्रजातन्त्र प्राप्तिपूर्वको परिवेशलाई लिएर वीरबहादुरको केन्द्रीयतामा रचिएको सामाजिक आदर्शोन्मुख कथा हो । विदेशमा कडा मेहनत गरेर केही पैसा कमाई साहुको ऋण तिर्न उद्दत स्वाभिमानी वीरबहादुर र शिक्षित म पात्रको संवादबाट कथा सुरु भएको छ। वीरबहादुरजस्ता अशिक्षित अनपढ नेपालीलाई त्यहाँ पढ्न बसेका विद्यार्थीहरूले चिट्ठी लेख्न मद्दत गरेका छन्। वीरबहादुरले साहुसँग ऋण लिएको चर्को ब्याज बुझाउन परेकाले स्वास्नी र छोरीलाई छाडेर विदेश पसेको यथार्थ सुनाउँछ। त्यहाँ उसले रिक्सा चलाउने काम गर्छ। कडा परिश्रम गरेर केही पैसा कमाउँछ तर उसको कमाइ आफ्नै साथी धनेले चोरी दिन्छ। धने चोरी केसमा पक्राउ पर्दा पनि वीरबहादुरलाई खुसी लाग्दैन किनकि वीरबहादुर मानवतावादी पात्र हो । प्रवासमा उसले दुःखमा परेका नेपालीहरूलाई सहयोग गर्ने, काम नपाएकाहरूलाई काममा लगाईदिने, बिरामी परेकाहरूलाई औषधि उपचारको व्यवस्था मिलाउने, अलपत्र लासलाई घाटसम्म पुऱ्याएर नेपाली संस्कारअनुसार अन्त्येष्टि गर्ने जस्ता आदर्शमय तथा अनुकरणीय कामहरू गर्दछ।

छोरो मरेको खबर सुनेर घर फर्किएको वीरबहादुरको भेट देवताबाबुसँग हुन्छ । उनकै सल्लाहबमोजिम मातृभूमिको पुकारभन्दा स्वास्नी, छोराछोरीको पुकार ठूलो होइन भन्दै ऊ मुक्ति सङ्घर्षमा होमिन पुग्दछ। आन्दोलनमा समर्पित वीरबहादुरलाई विराटनगरमा भएको सरकारी सेना र मुक्ति सेनाबीचको लडाइँमा गोली लाग्छ। यसरी अस्पतालको बेडमा बीरबहादुरको पुनः म पात्रसँग भेट हुन्छ। घर जान भनी हिँडेको वीरबहादुरले आफू आन्दोलनमा लागेर घाइते भएको सबै वृत्तान्त म पात्रलाई सुनाउँछ। उसले आफ्नी डल्लीलाई चिठी लेखिदिन पनि आग्रह गर्छ। म पात्रलाई बीरबहादुरको जीवन, उसकी श्रीमतीको दुरावस्था, छोराको मृत्युसँगै लोग्नेको मृत्यु र सायद अब डल्लीसँग लोग्नेको किरियाकाष्टा गर्ने पैसासम्म नहोला भन्ने चिन्ताले ऊ गम्भीर बन्छ। भोलिपल्ट बिहान राष्ट्रिय झण्डाले ढाकेर फूलमाला, अबिर र लाभाले सिँगारिएको वीरबहादुरको लास बोकेर हतियार बन्द सिपाहीहरू, स्वयम्–सेविकाहरूको ठूलो समूहले प्रजातन्त्रको नारा घन्काउँदै आइरहेको देखेर म पात्र दुखद् संवेदनाको चरम अनुभूतिमा पुग्छ। अनायासै उसका आँखाबाट आँसुका धार बगेको प्रसङ्गसँगै कथाको अन्त्य भएको छ।

## ७. 'सहिद' कथाको पर्यावरणको पहिचान र विश्लेषण

टेनले पर्यावरणको चर्चाका क्रममा प्राकृतिक तथा भौगोलिक, सामाजिक तथा सांस्कृतिक र जलवायुलाई महत्त्व दिएका छन्। उनले राजनीतिक र सामाजिक स्थितिलाई पनि साहित्य विशेषसँग जोड्ने प्रयास गरेका छन्। टेनले आफैले प्रतिपादन गरेका तीन निर्धारक तत्त्वमा असन्तुष्ट भई त्यसमा एक मनोवैज्ञानिक आयाम दिएर आफ्ना तीन सूत्रलाई पुनः सुदृढ गरेका हुन् (जैन, इ. १९९२ : २५) । यसबाट टेनले पर्यावरणअन्तर्गत जलवायु तथा भूगोल, सामाजिक, राजनीतिक र मनोवैज्ञानिक पक्षलाई महत्त्व दिएका छन् । साहित्यमा प्रयुक्त हावापानीको विश्लेषणभन्दा पनि सामाजिक घटना र व्यक्तिको आन्तरिक परिवेशको चिरफारबाट तत्कालीन वस्तुस्थिति अझ राम्रोसँग बुझ्न सकिन्छ। त्यसैले उनका कथामा स्थानअनुसार सामाजिक, सांस्कृतिक मान्यता र विकास भएको देखाइएको छ (गिरी, २०७६ : १०१) । कथाकारले सहिद॰ कथामा आफू जन्मे, हुर्केको पर्यावरणलाई प्रभावको रूपमा ग्रहण गरी प्रस्तुत गरेका छन्। तत्कालीन नेपाली भू–धरातल, नेपालीहरूका संस्कार, रीतिरिवाज, रहनसहन, जीवनपद्धति, शैक्षिक एवम् बौद्धिक चेतना, आर्थिक अवस्था, राजनैतिक स्थिति आदिबाट कथाका विभिन्न सन्दर्भमा पर्यावरण उल्लेख गरेका छन् । यस कथामा प्राकृतिक तथा भौगोलिक, सामाजिक तथा सांस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक सन्दर्भहरू कथामा पर्यावरणका रूपमा प्रस्तुत भएका छन्।

### ७.१ भौगोलिक पर्यावरण

यस कथामा प्रयोग भएका प्राकृतिक तथा भौगोलिक पर्यावरणलाई पहिचान गरी विश्लेषण गरिएको छ।

**साक्ष्य १ :**

*तपाई नेपाल फर्कने बेलामा आफ्नो रिक्सामा स्टेसनसम्म पुऱ्याइदिउँला* (पृ. ५८)।

यस साक्ष्यमा भारतको रेल स्टेशननेरको मञ्चीय पर्यावरणका रूपमा प्रस्तुत भएको छ। वीरबहादुरले चिट्ठी आफ्नो परिवारको लागि लेखिदिन आग्रह गरेको सन्दर्भमा यो आएको हो। देउताबाबुले शहरका आधाभन्दा बढी कुल्ली–कवाडी, दरवानी, रिक्सावाला नेपालीहरूको चिट्ठी लेखिदिन्थे। उनले नोकरी, बेखर्ची र बिरामीहरूको उपकार गरिदिन्थे तर घर गइसकेको भन्ने खबरले वीरबहादुर स्तब्ध हुन्छ। उसले मञ्च पात्रलाई चिठी लेख्न अनुरोध गरेको छ। वीरबहादुरले मञ्च पात्रलाई चिठी लेखे वापत दिने पैसा नभएको हुँदा नेपाल फर्किने बेलामा स्टेशनसम्म पुऱ्याइदिउँला भनेको पाइन्छ। त्यसैले २००७ सालतिरको समयमा भारतमा मजदुरी गर्न गएका नेपालीहरूको दुःख, कष्ट र पीडालाई यथार्थ चित्रण गरिएको छ। यसको सम्बन्धित विषय मञ्चीय पर्यावरण भौगोलिक परिवेशका रुपमा आएको छ।

**साक्ष्य २**

*रातभर तेह्र नम्बरको कमरामा बसेर जुवा खेल्छ अनि बाँकी पैसा त्यही स्टेशननेरको चिया बेच्ने साहिँली छ नि, हो रण्डीलाई दिन्छ र रक्सी धोकेर आधा दिनसम्म सुतिरहन्छ* (पृ. ६४)।

यस साक्ष्यमा सहरको विकृति विसङ्गति मौलाउँदै गएको यथार्थ देखाइएको छ। वीरबहादुरले तेह्र नम्बर कोठाको विकृत पर्यावरणको अवस्थालाई बोध गराएको छ। धनेले वीरबहादुरको ट्रङ्क फोरेर सबै रूपैया चोरेको उल्लेख गरिएको छ। धनेले आफ्नो पैसा चोरेको, रक्सीको कुलतमा फसेको, धनेले चोरेको थाहा पाउँदा पनि कसैले धनेलाई सजाय दिन तम्तयार नभएको जस्ता प्रसङ्ग भौगोलिक पर्यावरणका रूपमा आएको देखिन्छ। त्यसैले यस कथाका पात्रहरू २००७ सालतिरका भएकाले आफ्नै भौगोलिक मूल्य, मान्यतामा बाँचेका छन्। उनीहरू विदेश धन कमाउन गए पनि भौगोलिक संरचनाअनुरुप अनुकूल र प्रतिकूल भएर बाँच्न बाध्य भएको चित्रण गरिएको छ।

**साक्ष्य ३**

*एक सातापछिको कुरा हो। बीरबहादुरसँग स्टेसननेरको वरको रूखमुनि भेट भो। साइकल–रिक्सा सियाँलमा राखेर पानको पसल अगाडि बीडी तान्न लागेको रहेछ* (पृ. ६५)।

यस साक्ष्यमा रूखको शितल छहारीमा बस्ने बेलामा मौसमलाई जनाइएको छ। वीरबहादुरले बिहेमा साहुसँग लिएको एक सय रूपैयाँको ब्याज र स्याज तिर्न नसकी धान फल्ने खेत बन्धक राखेर विदेसिएको व्यक्ति हो। ऊ सुरुमा दरवानी गर्दथ्यो। उसले दरवानीबाट फाइदा नदेखेर भाडाको रिक्सा चलाउन थालेको थियो। उसले जम्मा गरेर राखेको रूपैयाँ धनेले चोरे पनि हिक्मत हारेको पाइँदैन। नेपालबाट बाध्यताले विदेसिएका व्यक्तिहरूलाई उपचारदेखि मृत्यु हुँदासम्म दाहसंस्कारमा सहयोग गर्दथ्यो। त्यसै क्रममा देउताबाबुले वीरबहादुरलाई छहारीमा रिक्सा राखेर पान पसलअगाडि बिँडी तान्न लागेको भेट्दछ। त्यसैले यस साक्षमा रुखको छहारीमा बस्ने बेलाको मौसमलाई जनाएको छ। विदेसिएका नेपालीहरू पनि गर्मीको समयमा सडकको छेउछाउको पार्कहरूमा बस्ने गरेको सङ्केत गरिएको छ। यस्तो शीतल ठाउँमा बस्दा मानिसहरू तनावमुक्त हुनका लागि धुमपान गर्ने गरेको देखाइएको छ। साथै त्यस्ता समयमा समसामयिक चर्चा–परिचर्चा जोकोहीले पनि गर्ने गरेको सन्दर्भ साक्ष्यमा आएको छ। वीरबहादुरले देउताबाबुलाई धने गिरफ्तार भएको समेत जानकारी सोही ठाउँमा दिनु, धनेजस्ताले विदेसिएकालाई बदनाम गरेको बताउनु, ऋण तिर्नका लागि विदेसिएको भए पनि सत्य, मिहिनेत र प्राकृतिक सिद्धान्तमा बाँचेको सन्दर्भ समेत प्रस्तुत गर्नुले प्राकृतिक तथा भौगोलिक अवस्थालाई पर्यावरणको रूपमा प्रस्तुत गरिएको छ।

## ७.२ शैक्षिक पर्यावरण

यस कथामा प्रयोग भएका शैक्षिक पर्यावरणलाई यसरी विश्लेषण गरिएको छ :

**साक्ष्य १**

*अब लौ, मेरो डल्लीलाई खत कसले लेखिदिन्छ... । मलाई कसैको चिठीसिठी लेख्ने फुर्सद छैन* (पृ. ६१) ।

यस साक्ष्यमा वीरबहादुर नेपालको पहाडी गाउँको एक कर्मठ युवकको रूपमा देखाइएको छ । उसले आफ्नी श्रीमती डल्लीलाई देउताबाबुसँग चिठी लेखाउन पुग्दछ, तर देउताबाबु बस्ने ठाउँमा अर्को मान्छे बसेको पाउँछ । उसको फरासिलो बोलीचालीले गर्दा देउताबाबुजस्ताले सहरका आधाभन्दा बढी कुल्ली, कवाडी, दरवानी, रिक्सावाला नेपालीहरूको चिठी लेखिदिन्थे । बिरामी, ओखतीमूलो र बेखर्ची हुँदा सहयोग गर्थे । अब उनी गएको थाहा पाएपछि वीरबहादुर चिन्तित बनेको पाइन्छ। त्यसैले शिक्षाका लागि २००७ सालतिर नेपालीहरूको उत्तम स्थल भारत रहेको सङ्केत देखिन्छ।

नेपालीले शिक्षा लिनको लागि भारतजस्ता ठाउँमा कष्टपूर्ण जीवन बिताउन परेको वीरबहादुरजस्ता अशिक्षित नेपालीहरूको जीवनपद्दति शैक्षिक कारणले ह्रास भएको, शिक्षित मानिसहरूको जीवनपद्दति सामाजिक कारणले ज्यादै व्यस्त हुँदै गएको तत्कालीन अवस्थालाई शैक्षिक पर्यावरणका रूपमा व्यक्त गरेको पाइन्छ।

**साक्ष्य २**

*हामी ठाउँ–ठाउँका मेडिकल कलेजमा पढ्ने विद्यार्थीहरू पनि रेडक्रसमा काम गर्नका निमित्त काङ्ग्रेसको हेड अफिसमा जम्मा भयौं* (पृ. ६८) ।

यस साक्ष्यमा नेपालीहरू २००७ सालको आसपासमा भारतका विभिन्न ठाउँमा प्राविधिक शिक्षा आर्जन गर्न पुगेको र त्यस समयमा पनि सहरमा रहेका मेडिकल कलेजमा नेपाली विद्यार्थीहरूको वर्चस्व रहेको सङ्केत गरिएको छ। नेपाली विद्यार्थीहरू पढ्नका लागि मात्रै नभई देशको बदलिँदो राजनीतिसँगै क्रान्तिमा होमिएको सन्दर्भ आएको छ। सोही समयमा वीरबहादुरजस्ताले मात्र सङ्घर्षपूर्ण जीवन बिताउन परेको होइन, त्यस समयमा सबै स्तरका युवावर्गले विदेशी भूमिमा कष्टकर जीवन बिताउनु परेको सङ्केत छ। त्यसैले नेपालीहरूले प्राविधिक शिक्षाको चुनौती २००७ सालको आसपासको समयदेखि हालसम्म राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट दुःख ब्यहोर्नु परेको देखिन्छ।

नेपालमा राजनैतिक क्रान्ति भइरहँदा सबै क्षेत्रमा प्रभाव परेको यथार्थ चित्रण पनि गरिएको छ। सबै नेपालीहरूले देश–विदेशबाट क्रान्तिकारी पार्टी (काङ्ग्रेस) लाई सहयोग गरेको देखिन्छ । त्यस क्रममा प्राविधिक विषय पढ्ने विद्यार्थीहरूले पनि रेडक्रसमा काम गरी क्रान्ति सफल पार्ने सन्दर्भमा शैक्षिक पर्यावरणको चित्रण गरिएको छ।

**साक्ष्य ३**

*वाह, एउटा सानो चिट्ठी लेखिदिने टाइम छैन। साँच्चै आजकाल तपाईहरू पढे लेखेका मानिसले दयामाया भन्ने कुरालाई ठ्याम्मै बिर्सिदिनु भो बा ! यो त बडो दुःखको कुरा हो* (पृ. ६८) ।

यस साक्ष्यमा पढेलेखेका मानिसहरू सीमित ठाउँमा मात्रै रहेको यथार्थ चित्रण गरिएको छ। शिक्षित व्यक्तिहरूमा दयामायाको भावना नभई स्वार्थी प्रवृत्ति बढ्दै गएर चिठी लेख्न नमानेको पर्यावरण देखाएको छ।

वीरबहादुर कथावस्तुमा अशिक्षित पात्रको रूपमा आएको छ। उसले घर–परिवारका लागि चिठी लेख्न जाँदा शिक्षित व्यक्तिको व्यवहारले पीडाबोध भएको देखिन्छ। उसले विदेशमा हुँदा चिठी लेख्ने र पढ्ने काम शिक्षित व्यक्तिबाट नै गराउँदै आएको हो। यसैले यो कथा लेखनको समयमा अशिक्षित वर्गले सहरीया परिवेशमा काम लिन दुःख, कष्ट बेहोर्नु परेको सन्दर्भ शैक्षिक पर्यावरणका रुपमा उल्लेख गरिएको छ।

## ७.३ सामाजिक पर्यावरण

यस कथामा प्रयोग भएका सांस्कृतिक तथा धार्मिक पर्यावरणलाई यसरी विश्लेषण गरिएको छ :

**साक्ष्य १**

*घरमा भगवतीजस्ती स्वास्नी छ हजूर ! छोरो पाएकी। वीरबहादुर त्यस्तो नालायक काम कहिल्यै गर्दैन* (पृ. ६४)।

यस साक्ष्यमा पति र पत्नीलाई एक–अर्काको आड–भरोसा र सहयोगीका रूपमा ग्रहण गर्ने तथा जस्तोसुकै समस्या भए पनि एक–अर्काको विश्वास नतोड्ने हिन्दु संस्कृतिलाई पर्यावरणको रूपमा ल्याइएको छ।

मजदुरी गर्न गएका व्यक्तिहरू घरपरिवारको सपना बिर्सन्छन्, कमाएको धन सित्तैमा भट्टी पसलमा खर्च गरिरहेका हुन्छन् तर आफू त्यस्तो नभएको सङ्केत वीरबहादुरले दिएको छ। त्यसैले वीरबहादुर भगवतीजस्ती स्वास्नी र नाबालक छोरोको सपना पूरा गर्ने सन्दर्भ सामाजिक तथा सांस्कृतिक पर्यावरण आएको हो। यो कथा लेखनको आसपासको समयमा विदेशमा काम गर्न गएका धनेजस्ताले पनि पति–पत्नीको सम्बन्धमा विचलन ल्याउने गरेको सन्दर्भ पर्यावरणका रुपमा आएको छ।

**साक्ष्य २**

*"के कुरा गर्नुहुन्छ, पोर साल हिन्दू–मुसलमानको दङ्गामा त्यसलाई मैले बचाएको हुँ बाबु ! एउटा मुसलमानले छुरा हानेर त्यसको भुँडी खसाइसकेको थियो, चट्ट म अगाडि गएर छेकेँ र बाँच्यो* (पृ. ६६)।

यस साक्ष्यमा तत्कालीन भारतको धार्मिक साम्प्रदायिक दङ्गा र असहिष्णुतायुक्त सामाजिक तथा सांस्कृतिक पर्यावरणको परिचय दिइएको छ। धने, वीरबहादुरजस्तै विदेसिएको व्यक्ति हो। उसले वीरबहादुरको रूपैयाँ चोरेको छ। सुरुमा वीरबहादुरले उसलाई सहयोग गरेर पुलिस थानाबाट निकालेको पाइन्छ। आज वीरबहादुरकै रूपैया चोरेकाले पुलिसले गिरफ्तार गर्नु वीरबहादुरको लागि ठूलो कुरा रहेको छैन। त्यतिमात्र नभइ एक सालअगाडि हिन्दु र मुसलमानको दङ्गामा वीरबहादुरले धनेलाई ज्यानको बाजी राखेर बचाएको हुन्छ। त्यसैले यस साक्ष्यमा भारतमा विदेसिएका श्रमिकहरूले २००७ सालको आसपासको समयमा धार्मिक तथा साम्प्रदायिक दङ्गा र असहिष्णुता बेहोरेको पर्यावरणलाई देखाइएको छ।

**साक्ष्य ३**

*के भन्नु बाबु ! मेरो राम खसेछ। मेरो राजालाई दैवले चुँडेर लग्यो ... ! सङ्ख्यामा थोरै भए पनि हामीसँग सत्य र ईश्वरको बल छ ...* (पृ. ६७ र ७०)।

माथिका यी दुई साक्ष्यमा दैवीयशक्तिप्रति आस्था रहेको सामाजिक तथा सांस्कृतिक पर्यावरणलाई जनाइएको छ। वीरबहादुरले नेपालबाट विदेश पसेकाको उपचार गराउनेदेखि लिएर वेवारिसे मुर्दालाई मृत्यु हुँदा दाहसंस्कार गराउन सक्रिय भूमिका खेलेको देखिन्छ। घरमा पत्नी र छोराको स्मरण गरिरहने वीरबहादुर छोरोको मृत्यु भएको सुनेपछि घर हिँडेको मानिस बाटामा देउताबाबुसँग भेट हुँदा घर नगएर पनि जनमुक्ति सेनाको कमान्डर भई कोशीको कुशाहाघाटमा सरकारी सेनासँगको भिडन्तमा होमिएको प्रसङ्ग आएको छ। उनले परिवर्तनको लागि हामी थोरै भए पनि सत्यमा अडेका छौँ, ईश्वरले शक्ति प्रदान गर्नेछन् भन्ने देशभक्ति धारणा सामाजिक तथा सांस्कृतिक सन्दर्भका रुपमा उल्लेख गरेको देखिन्छ।

**साक्ष्य ४**

*बेवारिसे मुर्दालाई कसले पुऱ्याउँथ्यो बाबु ! डूम–मेहतरले कुकुर–बिरालो फालेझैँ घिच्च्याएर फालिदिन्छन्। मैले भेटेकाजतिलाई घाटमा पुऱ्याएर जलाइदिने गरेको छु तर के गर्नु बाबु, बोक्ने मानिस र दाउराले मेरो हरसाल सौ–सवासौ रूपियाँ जति खर्च हुन्छ। अब के गर्ने त, आफ्ना देशका मानिस हुन्, अर्थोक नभए पनि धर्म त होला* (पृ. ६६)।

यस साक्ष्यमा विदेसिएको वीरबहादुरले आफ्ना साथीभाइलाई उदार मनले विदेशी भूमिमा आफ्नो खल्तीबाट रकम खर्च गरेर भए पनि आफ्नो परम्परा मुताबिक दाहसंस्कार गरेको सामाजिक तथा सांस्कृतिक परिवेशलाई पर्यावरणको रूपमा प्रस्तुत गरिएको छ।

विदेशमा सबैजना रूपैयाँ कमाउन गएका हुन्छन्। उनीहरू बेखर्ची भएको समयमा मात्रै नभएर वीरेले मरेपछि पनि आफ्नो देशको संस्कारअनुसार शव घाटमा जलाइदिने गर्दथ्यो। विदेशीले हाम्रो संस्कारअनुकूल चालचलन नगर्ने, विदेशमा लास बोक्ने र दाउराको समस्या पर्ने भए तापनि रोजगारीको निम्ति गएको वीरेले सम्पूर्ण जिम्मेवारी वहन गरेको

देखिन्छ। यसमा रूपैयाँ–पैसाभन्दा बढी सामाजिक तथा सांस्कृतिक पर्यावरणको रूपमा प्रस्तुत गरिएको छ।

## ७.४ आर्थिक पर्यावरण

यस कथामा प्रयोग भएका आर्थिक पर्यावरणलाई यसरी विश्लेषण गरिएको छ :

**साक्ष्य १**

*पैसापैसा मसँग एक कौडी पनि छैन। तपाई नेपाल फर्कने बेलामा आफ्नो रिक्सामा राखेर स्टेसनसम्म पुऱ्याएदिउँला ...। दरबानीमा लाउनखानमात्र ठीक हुने, पैसा नजोगिने हुनाले आजकल रिक्सा चलाउने काम गरिरहेको छु। साह्रै कडा मिहिनेत गर्नुपर्छ। खाने सुत्ने फुर्सद रहँदैन। अहिलेसम्म चार सय जम्मा पारिसकेँ, अब दशैँसम्ममा छ–सात सय पुऱ्याउँछु र दशैँमा घर आउँछु, अनि खेत निखन्नुपर्ला। दशैँमा आउँदा तिमी र रामलाई नयाँनयाँ कपडाहरू लिएर आउनेछु। अब त राम ठूलो भईसक्यो होला। चकचक गरेर तिमीलाई हैरान पार्दो हो ...* (पृ. ६२)।

यस साक्ष्यमा तत्कालीन समयका नेपालीहरू कामको खोजीमा विदेश जानुपर्ने तथा विदेशमा पैसा कमाउन ज्याला–मजदुरी गर्नुपर्ने आर्थिक पर्यावरणको बोध गराएको छ। नेपालका गाउँमा २००७ सालतिर साहु–महाजनले गरिबहरूको शोषण गरी घरखेत हडपेको परिवेश यहाँ आएको छ। यसमा पसिना पोखेर मिहिनेत गर्ने वीरबहादुरजस्ता मजदुरहरूलाई मञ्चीय पात्रका रूपमा र शोषणमा परेका गाउँलेहरूलाई नेपथ्य पात्रका रूपमा देखाइएको छ। वीरबहादुर आफू धन कमाउन विदेसिएको भए पनि समयले गर्दा कमाउन नसकेको बताउँदछ। तर ऊ वचनको पक्का पात्रको रूपमा उभिएको छ। उसले चिठी लेखाउँदाको पारिश्रमिक दिन नसक्दा नेपाल फर्किने बेलामा रिक्साबाट स्टेसनसम्म लगिदिने शर्त गरेको छ। उसको कडा परिश्रमले केही रूपैयाँ (चार सय) जम्मा पारेको र हिन्दुहरूको महान् चाड दशैँसम्म अलि बढी रूपैयाँ जम्मा गरेर साहुको ऋण तिर्ने इच्छा राखेको छ। उसले चाडबाडमा घरपरिवारका लागि नयाँ कपडा समेत लिएर जाने आशामा कडा मिहिनेत गरेको पर्यावरण उल्लेख गरिएको छ। त्यसैले २००७ सालतिर वीरेजस्ता विदेसिएका व्यक्तिहरूले स्वदेशमा रहेका परिवारहरूको सम्झना बाहेक अरू केही गर्न नसक्ने यथार्थ चित्रण आर्थिक पर्यावरणका रूपमा आएको छ।

**साक्ष्य २**

*किन एकैपटक लिन्थे ? डिल्लीलाई बिहे गर्दा एकसय लिएको थिएँ। त्यसलाई दोब्राई–तेब्राई पाँचसय पारेर खेत खाइरहेको छ। ... मैले मनमनले भनेँ "सरकारले गरीब प्रजालाई सस्तो व्याजमा ऋण दिने प्रबन्ध किन गर्दैन ?"* (पृ. ६३)।

यस साक्ष्यमा सामन्त वर्गले गरिबहरूमाथि धैरै ब्याज लिएर आर्थिक शोषण गरेको सन्दर्भलाई सङ्केत गरिएको छ। २००७ सालतिरको समयमा सरकारले गरिब जनतालाई सस्तोमा ब्याज समेत उपलब्ध गराउन नसकेको विषयवस्तु परिवेशमा आएको छ। वीरबहादुरले बिहेको लागि एक सय रूपैयाँ लिएको हो, तर समयमा तिर्न नसकेपछि साहुले उसको खेत बन्धकी खाएको छ। त्यसैले २००७ सालतिर नेपाली समाजमा जग्गा बन्धक राखी विदेसिनु परेको यथार्थ चित्रण गरिएको छ।

यो कथावस्तु लेखनको समयमा नेपालमा सामन्ती संस्कारको चरम रूप देखिएको, गरिबले शिर उठाउन नसक्ने ब्याज तिर्ने गरेको, साहुको ऋणबाट मुक्ति पाउन वीरबहादुरजस्ता युवाहरू विदेसिन पुगेको र सरकारले गरिब जनताको लागि सस्तोमा ऋण सहुलित गर्न नसकेको अवस्थालाई आर्थिक पर्यावरणको रूपमा उल्लेख गरिएको छ।

**साक्ष्य ३**

*त्यही धने सालेको काम हो। लौ जे किरिया हाल भने पनि सक्छु। सालेले म गरीबको सालभरको पसिना खायो। त्यसलाई परमेश्वरले हातहातै फल दिएनन् भने मलाई भन्नुहोला। ... चोरी गरेर के गर्छ नि जान्नुभयो ? रातभर तेह्र नम्बरको कमरामा बसेर जुवा खेल्छ अनि बाँकी पैसा त्यही स्टेसननेरको चिया बेच्ने साहिली छ नी, हो रण्डीलाई दिन्छ र रक्सी धोकेर आधा दिनसम्म सुतिरहन्छ ...। तिमीहरू परदेशमा किन रुपियाँ पैसा साथमा*

*राख्छौ ? डाँकखानाको सेभिङ् ब्याङ्कमा जम्मा गर्ने गर। त्यसो गरे त चोरिने डर रहँदैन नि* (पृ. ६४)।

यस साक्ष्यमा मजदुरी गरेर जम्मा पारेको दुई–चार पैसा पनि परदेशको ठाउँमा चोरी हुने परिवेश प्रस्तुत गरिएको छ। कथावस्तुमा धनेजस्ताले चोरी गरेको पैसा सही ठाउँमा खर्च गर्न नसकेको, उनीहरूले भट्टी र वेश्यालयमा खर्च गर्ने गरेको यथार्थ चित्रण देखाइएको पाइन्छ। वीरबहादुरको पैसा धनेले चोरेको देखिन्छ। धनेलाई पुलिसले गिरफ्तार गर्दा समेत वीरबहादुरले पुलिस थानामा गएर बचाएको छ। आज सोही सहयोगको फाइदा उठाएर सालभरको कमाइ समेत लुट्दा वीरबहादुरले ऊसँग झगडा गरेको छैन। उसले ईश्वरसँग विश्वास गरी धनले त्यसको परिणाम बेहोर्ने छ भन्दछ। त्यसैले कथा लेखनको समयमा ईश्वरप्रति आस्था समेत रहेको आशय पाउन सकिन्छ। त्यस समयमा धनेजस्ताले विदेशी भूमिमा गरेको विकृतिलाई पर्यावरणको रूपमा देखाइएको छ। साथै भारतका विभिन्न ठाउँमा बैङ्कहरूको स्थापना २००७ साल वरिपरि भइसकेको, तिनीहरूले पैसा जम्मा गर्ने र सुरक्षा दिने व्यवस्था गरेको तर अशिक्षित मजदुरलाई त्यसको बारेमा केही ज्ञान समेत नभएको पर्यावरणलाई प्रस्तुत गरिएको छ।

**साक्ष्य ४**

*के कमाउनु बाबु, कुनै दिन आठ–दस रूपियाँ पनि होइजान्छ, कुनै दिन जेबबाट रिक्साको किराया तिरेर डेरामा जान्छु ...। धन सम्पत्तिको नाउँमा ऊसँग एउटा कब्जा फुक्लेको थोत्रो ट्रङ्क र एउटा सानो कम्बलको सानू गुन्टा सिवाय केही थिएन* (पृ. ६७–६८)।

यस साक्ष्यमा नेपालमा साहुको दमन र शोषण सहन नसकेर आफ्नो आर्थिक अवस्था मजबुत बनाउने सपना बोकेर विदेशी भूमिमा दिनरात परिश्रम गर्ने मजदुरको चित्रण गरिएको छ। वीरबहादुरले विदेशमा साहुको रिक्सा चलाएर ऋण तिर्ने अठोट गरेको छ। उसले विदेशमा रहेका नेपालीहरूलाई सकेसम्मको सहयोग गर्दछ। उसले कडा दुःख गरे पनि सबै दिन रिक्साबाट कमाइ भएको पाइँदैन। त्यसैले विदेसिएका नेपालीहरू पनि कुनै न कुनै रूपले शोषित हुनुपरेको यथार्थ देखाइएको छ। वीरेले विदेशी भूमिमा धेरै कडा परिश्रम गर्दा पनि कब्जा फुक्लेको ट्याङ्क र एउटा सानो कम्मलको गुण्टा सिवाय केही नभएको चित्रण छ। त्यसैले नेपालीहरू २००७ सालको आसपासको समयमा देशको कारणले वीरेजस्ता व्यक्तिहरू विदेसिए पनि धन कमाउन नसकेको सामाजिक जीवनको यथार्थ चित्रण गरिएको छ।

## ७.५ राजनैतिक पर्यावरण

यस कथामा प्रयोग भएका आर्थिक पर्यावरणलाई यसरी विश्लेषण गरिएको छ :

**साक्ष्य १**

*नेपालमा भित्रभित्रै सल्किरहेको क्रान्तिको आगो एकैपटक दन्कियो। आफ्ना प्यारा प्रजालाई आजाद गराउनका निमित्त हाम्रा वीर सम्राट त्रिभुवन वीरविक्रम शाहदेव २००७ साल कार्तिक २१ गते आफ्ना सारा परिवार लिई शरणार्थीका रूपमा नेपालको भारतीय दुतावासमा प्रवेश गर्नु भो र कार्तिक १६ गते हिन्दु सरकारको संरक्षणमा विमानद्वारा दिल्लीतर्फ प्रस्थान गर्नुभो। ... काङ्ग्रेसले नौतनवा, गोरखपुर, पटना, लखनौ, कटिहार इत्यादि ठाउँठाउँमा जनमुक्ति सेनाको भर्ती सुरु गऱ्यो। भारतका स्कुल–कलेजहरूमा पढ्ने धेरैजसो नेपाली विद्यार्थीहरूले पनि क्रान्तिमा सक्रिय भाग लिए। हामी ठाउँठाउँमा मेडिकल कलेजमा पढ्ने विद्यार्थीहरू पनि रेडक्रसमा काम गर्नका निमित्त ...। म विराटनगरको सैनिक अस्पतालमा खटिएँ* (पृ. ६८)।

यस साक्ष्यमा नेपालको ग्रामीण इलाकादेखि भारतको गोरखपुर, पटना, लखनउजस्ता सहरहरूको चित्रण गरिएको छ। नेपालको जनक्रान्तिको समयमा राजा त्रिभुवन नयाँ दिल्ली गएको प्रसङ्ग उल्लेख छ। यस प्रसङ्गले राणाकालीन सामन्ती सरकारबाट जनतालाई मुक्ति दिलाउन नेपालको पूर्वी मानेभञ्ज्याङदेखि पश्चिम महाकालीसम्मका स्थानबाट क्रान्ति सुरु भएको, भारतमा पढ्न गएका विद्यार्थीहरू क्रान्तिमा भाग लिन विराटनगर आएका र सोही समयमा

राजनीतिक संस्थाले क्रान्तिको अगुवाइ गरेर क्रान्ति सफल भएको राजनैतिक पर्यावरण देखाइएको छ।

**साक्ष्य २**

> *हामीले आजादीको लागि नेपालका सामन्त सरकारसँग लडाई सुरु गऱ्यौं। मुक्तिसेनाका निमित्त स्वयंसेवकहरूको बहुतै जरुरत छ। तिमीजस्तो बहादुर कमाण्डर पाए एउटा ... हाम्रो अवश्य विजय हुनेछ। तिमी घर जान पाउँदैनौ। सेनामा भर्ती हुनुपर्छ* (पृ. ६८)।

यस साक्ष्यमा नेपालको सामन्ती सरकारको विरुद्धमा चालिएको आन्दोलनका प्रसङ्गहरू आएको छ। २००७ सालमा वीरबहादुरजस्ता नेपालीहरूले स्वयंसेवकका रूपमा राजनीतिक मोर्चा सम्हालेको अवस्था देखाइएको छ। वीरबहादुरले छोराको मृत्युको खबर पाएपछि चिन्तित भई नेपाल फर्कन लागेको देखिन्छ। उसले पेलेटफर्ममा धेरै वर्षपछि देउताबाबुलाई भेट्दछ। देउताबाबुले आमाको पुकारभन्दा स्वास्नी र छोराछोरीको पुकार ठूलो हुँदैन भन्ने तर्क राख्दछ। वीरबहादुरले उक्त तर्क आत्मसात गर्दछ र ऊ प्लाटुन कमाण्डरमा भर्ती भई सामन्ती सरकारको विरुद्धमा होमिएको पाइन्छ, त्यसैले २००७ सालको क्रान्ति सफल पार्न वीरबहादुरजस्ता व्यक्तिले पनि भूमिका खेलेको पर्यावरण उल्लेख गरिएको छ।

**साक्ष्य ३**

> *वीरबहादुर ! तिमीजस्ता बहादुर योद्धालाई यो खबर सुनेर खुसी नै लाग्ला, तिम्रा देवताबाबु पनि अस्तिको लडाइँमा सहिदन् हुनुभयो। ... ओहो ! मृत्युको रूप पनि कति प्रकारको हुन्छ ऊ देशको निमित्त वीरगतिले मर्न लाग्यो, अरू हजारौँ नेपालीहरू ठाउँठाउँमा कुकुर बिराला मरेजस्तो मरिरहेका छन्। अब डल्लीलाई चिठी पो के भनेर लेखिदिँऊ ? छोरा मरेको वर्ष दिन भएको छैन, लोग्ने परदेशमा यसरी मर्न लागिरहेको छ। जग्गाजमिन साहुले अँठ्याइराखेको छ। चिठी पाउँदा ती दिनहीन विधवाको हृदय कस्तो होला ! लोग्नेको क्रियाकाष्या गर्ने पैसा पनि पो छ कि छैन ? अब सायद उनीसँग बन्धक राख्ने गहना पनि केही होवैन ! ...* (पृ. ७०–७१)।

यस साक्ष्यमा राणा शासक वा सामन्ती सरकारबाट नेपाल र नेपालीलाई मुक्त गराउने क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भूभागमा सहादत प्राप्त युवाहरूको प्रसङ्ग आएको छ। २००७ सालमा सामन्ती सरकारको विरुद्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट आन्दोलन चर्किएको पाइन्छ। नेपाल छोडेर विदेशी भूमिमा मजदुरी गर्न गएका सबैलाई जनक्रान्तिले प्रभाव पार्दछ। फलस्वरूप देउताबाबु र वीरबहादुर पनि त्यसको अछुतो रहँदैनन्। उनीहरू सामन्ती सरकारको विरुद्धमा सहभागी हुन्छन्, समयसँगै वीरबहादुर घाइते हुँदा देउताबाबुको मृत्यु भइसकेको खबर वीरेले पाउँछ। सामन्ती सरकारले आफू टिक्न निहत्था जनतालाई कुकुर र बिरालोजस्तै मार्दछन्। जसको फलस्वरूप वीरबहादुरले आफू नबाच्ने सङ्केत पाए पनि विधवा हुन लागेकी श्रीमतीलाई घरको व्यवहारिक विषयमा केही लेख्न सक्दैन। त्यसैले २००७ सालको जनक्रान्तिमा व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिई राष्ट्रिय स्वार्थमा समर्पित भएका पात्रहरूको पर्यावरणलाई प्रस्तुत गरिएको छ।

## निष्कर्ष

प्रस्तुत 'सहिद' कथा वि.सं. २००७ पूर्व प्रजातन्त्र प्राप्तिका लागि नेपालीहरूले गरेको सङ्घर्षपूर्ण योगदानलाई चित्रण गरिएको छ। यो सामाजिक आदर्शोन्मुख यथार्थवादी कथा हो। कथामा भएका सम्पूर्ण घटना परिघटनाहरू समाजकै सेरोफेरोमा घटित भएका छन्। यिनीहरूको सरोकार समाजमा बस्ने मानवीय क्रियाकलापसँग जोडिएको छ। कथामा भौगोलिक, शैक्षिक, सामाजिक, आर्थिक र राजनैतिक पर्यावरणको प्रस्तुति सशक्त भएर आएको छ। यस कथाले सामन्ती वर्गबाट भएको शोषण, अन्याय र अत्याचारलाई शाश्वत रुप दिएको छ।

कथामा भौगोलिक पर्यावरणका रूपमा नेपालका पोखरा, नुवाकोट, रामेछाप, मानेभञ्ज्याङ, महाकाली, विराटनगर, कोसीनदीको कुशाहघाट लगायत भारतका नौतनवा, गोरखपुर, लखनौ, पटना, कटिहारजस्ता स्थानको वर्णन गरिएको छ। गाउँ र सहरका परिदृश्यहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कथामा आएका छन्। साहुले खेतबारी खाइदिनु,

सरकारले जफत गर्नु, आफ्नो जग्गा–जमिनको आयले खान नपुग्नुजस्ता परिवेशहरू ग्रामीण क्षेत्रसँग सम्बद्ध रहेका छन्। त्यस्तै सहरिया परिदृश्यका रूपमा कथामा स्टेसन, बिल्डिङ, अस्पताल, ट्रेन, रिक्सा, डेरा, घण्टाघर, मारवाडी, गाडी, प्लेटफार्म तथा थानाहरू आएका छन्। त्यस्तै आकाश बादलले ढाक्नु, समय समयमा चिसो बतास चल्नु, पुसको जाडो बढ्दै जानु, स्टेसननिरको रुखमुनि भेट हुनुजस्ता दृश्यको वर्णन प्राकृतिक पर्यावरणका रूपमा आएका छन्।

वीरबहादुले एउटा सादा लिफाफा र कागज हातमा लिएर म पात्रलाई चिठी लेखिदिन आग्रह गर्नु, प्राविधिक शिक्षाका लागि भारत उत्तम स्थल देखिनु, शिक्षित व्यक्तिमा दयामाया नदेखिनु, सामान्य मजदुरीका लागि पनि अर्काको देशमा धाउनु, कमाएको पैसा चोरी हुनुजस्ता दृश्यले नेपालको दयनीय शैक्षिक पर्यावरणलाई समेटेको छ।

कथाका पात्रहरूले दैविक शक्तिमा विश्वास गर्नु, विभिन्न जात, जाति, वर्ग, धर्म, सम्प्रदाय, भाषा भाषीहरूका बिचमा विभेद तथा मनमुटाव हुनु, आफूलाई जस्तोसुकै समस्या परे तापनि अरूलाई सहयोग गर्नु, अर्थोक नभए पनि धर्म त होला भन्ने मनस्थितिमा पुग्नु, सामाजिक विकृति र विसङ्गति दिनप्रतिदिन बढ्दै जानु, जुवातास खेल्नु, वेश्यागमन गर्नु, घर–परिवारको सपना बिर्सनु, नेपालीहरूले जतिसुकै अभावमा पनि आफ्नो जातिलाई माया, प्रेम र सद्भाव राखी सहयोग गर्नु, आफ्नै परम्परा र संस्कारअनुसार दाहसंस्कार गर्नुजस्ता क्रियाकलाप सामाजिक तथा सांस्कृतिक परिवेशका रूपमा आएका छन्।

बिहेमा वीरबहादुरले लिएको एक सय रूपैयाँ तिर्न नसकी विदेसिनु, घरखेत र जग्गा–जमिन साहुले जफत गर्नु, साहुको ऋणबाट मुक्ति पाउन नसक्नु, परदेशमा पुगेर पनि कुल्ली, पाले तथा रिक्सा चालकजस्ता कामहरू गर्न बाध्य हुनु, दिन–रात कडा परिश्रम गर्दा धन कमाउन नसक्नु, पैसाकै अभावकै कारणले अर्काको  चोरी गर्नुजस्ता पक्षहरू आर्थिक पर्यावरणका रूपमा आएका छन्।

२००७ साल पूर्वको तत्कालीन नेपाली समाजले राणा शासनको विरुद्धमा मुक्तिसङ्घर्षको लागि व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएको सन्दर्भ आएको छ। नेपालमा क्रान्तिको आगो भित्रभित्रै सल्किनु, राजा त्रिभुवन नयाँदिल्ली प्रस्थान गर्नु, देश–विदेशका नेपालीहरू प्रजातन्त्र प्राप्तिका लागि प्रतिबद्ध भएर लड्नु, वीरबहादुरजस्ताले राजनैतिक मोर्चा सम्हाल्नुजस्ता कारणहरू राजनैतिक परिवेशका रूपमा आएका छन्। त्यसैले गुरुप्रसाद मैनालीको सहिदः कथामा पर्यावरणीय समायोजन भौगोलिक, शैक्षिक, सामाजिक, आर्थिक र राजनैतिक रुपले सफल भएको पाइन्छ।

## सन्दर्भसामग्री सूची

गिरी, राजेन्द्र, **विश्वेश्वरप्रसाद कोइरालाका कथामा प्रजाति**, अप्रकाशित शोधपत्र, दर्शनाचार्य तह, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, २०७६।

क्षेत्री, उदय, **समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन**, विद्यावारिधि अप्रकाशित शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, २०६४।

जैन, निर्मला, **साहित्य का समाजशास्त्रीय चिंतन**, दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय, दिल्ली विश्वविद्यालय, सन् १९९२।

पाण्डेय, मैनेजर, **साहित्य के समानशास्त्र की भूमिका**., चण्डीगढ : हरियाणा साहित्य अकादमी, सन् १९८९।

मैनाली, गुरूप्रसाद, **नासो** (सत्रौँ संस्क), सम्पा, तारानाथ शर्मा, काठमाडौँ : माधव प्रसाद मैनाली, २०६२।

Taine, Hippolyte, **The Philosophy of Art,** London: Chatto and Windus, 1968.

.........................., **History of English Literature,** London: Chatto and Windus, 1906.

Vico, Giambattista, **The New Science** (Third Edn.), translated by Thomas Goddard and Maxhorld, Ithaca: Cornell University, 1744.